# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ६)  बेसीशहर, पौष १८ गते, २०८० साल (संख्या ७**

**भाग २**

**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको सूचना**

बेसीशहर नगरपालिकाको प्रशासकीय कार्यविधि  नियमित गर्ने ऐन, २०७४ को दफा ३ बमोजिम बेसीशहर नगरपालिकाको नगरसभाले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बेसीशहर नगरपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (प्रथम संसोधन) नियमावली, २०८०

बेसीशहर नगरपालिकाको **निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण नियमावली २०७४** लाई संसोधन गर्न वाञ्छनीय भएकोले,

नगर सभाको १४औँ अधिवेसनले यो नियमावली बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यो कार्यविधिको नाम **<u>"बेसीशहर नगरपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (प्रथम संसोधन) नियमावली २०८०"</u>** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. बेसीशहर नगरपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण नियमावलि २०७४ <u>को,</u>**

(१) दफा २(क)मा नगरकार्यपालिकाको सट्टा बेसीशहर नगरपालिकाको भन्ने शव्द राखिएको छ र त्यसैको उपदफा (घ) मा कार्यकारी अधिकृतको सट्टा प्रमुख प्रसाशकिय अधिकृत भन्ने शव्दहरु राखिएको छ।

(२) अनुसूची २ मा ४ नं. प्रदेशको सट्टा गण्डकी प्रदेश राखिएको छ।

प्रमाणीकरण मिति: २०८० पौष १८ गते

**आज्ञाले,**
**चेतनाथ अर्याल**
**प्रमुख प्रशासकिय अधिकृत**

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय। मूल्य रु.५।–